# फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

फाक्लेम, पाँचथर
कोशी प्रदेश, नेपाल

### आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्ती ) सम्बन्धी सूचना

### ठेक्का आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२९**

स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तर वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम फाल्गुनन्द गाउँपालिकाले लगाउन सक्ने तपशिलको कर, दस्तुर, शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व. २०८३/०८४ को लागि मितिः २०८३ श्रावण देखि २०८४ असार मसान्त सम्मको तपशिलमा उल्लिखित ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी र संस्थाहरुबाट देहायका शीर्षकको म्याद भित्र तोकिएको न्युनतम अंकमा नघट्ने गरि बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरि Hard copy को माध्यमबाट दरभाउपत्र खरिद गरि पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

सर्तहरुः

१. दरभाउपत्र प्राप्त सँगै पहिलो पटक प्रकाशित मिति देखि १५ (पन्ध्र) दिन भित्र निवेदनका साथै उल्लिखित दस्तुर (फिर्ता नहुने गरि) तिरि इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मितिः २०८३/०४/११ गते कार्यालय समय भित्र दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ।

२. खरिद भएको दरभाउपत्र फाराम शिलबन्दी गरि खाम बाहिर आफ्नो वा फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नं स्पष्ट उल्लेख गरि यस कार्यालयमा मिति २०८३/०४/१२ गते दिनको १२ बजेभित्र दर्ता गरिसक्नुपर्नेछ।

३. खरिद भएको दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले २०८३/०४/१२ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खोलिएको दिन सोहि बमोजिम हुनेछ।

५. उल्लिखित दरभाउपत्रहरु फर्मको नाममा दरभाउ गरिएको भए फर्म नवीकरणको प्रमाणित प्रतिलिपि, स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको व्यावसाय कर प्रमाण पत्रको नवीकरण प्रतिलिपि, स्थायी लेखा नं. दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

६. दरभाउपत्रको लागि रु १०००।– (अक्षेरेपी एक हजार मात्र) फिर्ता नहुने गरि फाल्गुनन्द गाउँपालिकाको नेपाल इन्भेष्टमेण्ट मेघा बैङ्कमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१.१-०६९०१४००२५०१०८ र धरौटी बापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेघा बैङ्कमा रहेको धरौटी खाता नं. ग-३.१-०६९०१४००२५००२३ मा जम्मा गरि सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ।

७. म्याद नाघि आएको, रित नपुगेको वा सर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन।

८. दरभाउपत्र दाताबाट बोलपत्रमा उल्लिखित मुल्य अभिवृद्धि कर ( भ्याट बाहेकको) दररेट उल्लेख गर्नुपर्नेछ। सो दररेटमा अंक र अक्षर फरक फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएको अवस्थामा उक्त स्थानमा सही छाप गर्नुपर्नेछ।

# फाल्गुनन्द गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल

९. यस कार्यालयको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार कार्यालयमा सुरक्षित हुनेछ।

१०. ठेकेदारले दरभाउपत्र फारामसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ।

११. ठेक्का बापत नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने सबै प्रकारका कर ( मु.अ. कर समेत) ठेकेदार स्वयंले बुझाउनुपर्नेछ।

१२. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ। कानुनले निषेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन।

१३. आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रशिद, कर्मचारीको व्यवस्था, बन्दोबस्ती सामान ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ। रसिदमा अनिवार्य रुपमा सि.नं. उल्लेख गरि फाल्गुनन्द गाउँपालिकाको कार्यालयको छाप लगाएर प्रयोग गर्नुपर्नेछ। छाप तथा सि.नं. नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दररेट भन्दा बाहिर कर, शुल्क असुल गरेमा ठेकेदारलाई नियमानुसार कारबाहि गरिनेछ।

१४. दरभाउपत्र दाता र गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ। यो सूचनामा उल्लिखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ। अन्य थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क नं. ९८५२६८४३८४ मा सम्पर्क गर्न सकिनेछ।

| ठेक्का नं. | ठेक्काको नाम | न्युनतम अंक वार्षिक मु.अ. कर बाहेक | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| PRM-R-01-2082-83 | गाउँ निकासी कर | रु. १३,००,००० | रु. १००० | रु. ६५,००० |

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फाक्तेप, पाँचथर कोशी प्रदेश, नेपाल २०७३

...............................
मेदनी प्रसाई
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत